
# लेखापरीक्षण प्रतिवेदन

# रुपा गाउँपालिका, कास्की

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## रुपा गाउँपालिका, कास्की

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/366

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कास्की।

**कैफियत सहितको राय**

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू १२ करोड १२ लाख ८५ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू १६ लाख ७८ हजार समेत गरी रू १२ करोड २९ लाख ६३ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.७६ करोड ८ लाख ५ हजारको लेखापरीक्षण गरिएकोमा रू ८७ लाख ३४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु ३६ लाख ९९ हजारको प्रतिक्रिया उपर कारबाही भइ कायम भएको बाँकी रु. ५० लाख ३५ हजार मध्ये बेरुजु असुल गर्नुपर्ने रू १० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७ लाख ५० हजार, नियमित गर्नुपर्ने रु.३८ लाख ३५ हजार र पेस्की बाँकी रु.४ लाख ३९ हजार रहेको छ।गत वर्षसम्म रु. ११ करोड ६६ लाख ९९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.११ करोड ९४ लाख ६६ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकालेवित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रुपा गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोर**

पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। कार्यपालिका, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | १४ | ८७,३३,८५२ | ० | ३ | ३६,९८,५२५ | ० | ५९ | ११ | ५०,३५,३२७ | ९,९९० | ३८,३५,४६९ | ७,५०,४३८ | ० | ० | ४५,८५,९०७ | ४,३९,४३० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कास्की | ११,६६,९९,००० | | २२,६८,२२२ | ११,४४,३०,७७८ | | ५०,३५,३२७ | ११,९४,६६,१०५ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ५० | झोलुङ्गेपुल कार्यक्रमः लागतको बाडफाँड | २,७१,४८६ |
| २ | २०७८/७९ | ३६ | पाठ्यपुस्तक वितरण | २१,४६३ |
| ३ | २०७८/७९ | २३ | पेश्की वाँकी | ५,९४,००० |
| ४ | २०७८/७९ | ३५ | ईन्टरनेट जडान अनुदान | ३,४८,००० |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०७८/७९ | ४८ | ननफाइलर | १०,३३,२७३ |
| ६ | २०८०/८१ | ३१ | रकम फिर्ता | २६,००,००० |
| ७ | २०८०/८१ | १०.१ र १०.२ | जिन्सी व्यवस्थापन | १०,९८,५२५ |
| जम्मा | | | | ५९,६६,७४७ |

# (८०४३९५०४३०० - रुपा गाउँपालिका, कास्की )

## परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल ९४.८१ वर्ग किलोमिटर तथा १४८९१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।११।१५ देखि २०८१ ।११।२० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबार, आय – व्यय, सम्पत्ति तथा दायित्वको रु.७६0805310/-को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **आय ब्यय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०/०८१ को प्राप्ती र

भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) निम्न बमोजिम रहेको छः

रुपा गाउँपालिका, रुपाकोट, कास्की

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन

आर्थिक वर्ष:२०८०/०८१

(२०८०/०४/०१ देखि २०८१/०३/३१ सम्म)

| क्र.सं./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ६८३८०२५२.१९ | ०.०० | ६८३८०२५२.१९ | ६४००६६२९.९९ | ०.०० | ६४००६६२९.९९ |
| १३००० | अनुदान | २९४२४१३६१.५८ | ०.०० | २९४२४१३६१.५८ | ३००६३७५२०.६८ | ०.०० | ३००६३७५२०.६८ |
| १४००० | अन्य राजस्व | ४३७७३२०.०५ | ०.०० | ४३७७३२०.०५ | ८२१९९३९.०० | ०.०० | ८२१९९३९.०० |
| १५००० | विविध प्राप्ति | १३०६९०.०० | ०.०० | १३०६९०.०० | ४१८६७.०० | ०.०० | ४१८६७.०० |
| (क) | जम्मा प्राप्ति | ३६७१२९६२३.८२ | ०.०० | ३६७१२९६२३.८२ | ३७२९०५९५६.६७ | ०.०० | ३७२९०५९५६.६७ |
| | खर्च तथा भुक्तानी | | | | | | |
| | चालु | २८६८१३६४३.३९ | ०.०० | २८६८१३६४३.३९ | २८५७३२९४७.९७ | ०.०० | २८५७३२९४७.९७ |
| २१००० | पारिश्रमिक / सुविधा | १९००५०२४६.९२ | ०.०० | १९००५०२४६.९२ | ७५९८१४४७.४७ | ०.०० | ७५९८१४४७.४७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८५८२२७८४.४७ | ०.०० | ८५८२२७८४.४७ | ९५८९०४३४.५० | ०.०० | ९५८९०४३४.५० |
| २५००० | सहायता (Subsidy) | ७३५७३१३.०० | ०.०० | ७३५७३१३.०० | २२१७८२७.०० | ०.०० | २२१७८२७.०० |
| २६००० | अनुदान | २३५५०.०० | ०.०० | २३५५०.०० | १०८३२५४९६.०० | ०.०० | १०८३२५४९६.०० |
| २७००० | सामाजिक सुरक्षा | ३१२२९४९.०० | ०.०० | ३१२२९४९.०० | ३२०९२३९.०० | ०.०० | ३२०९२३९.०० |
| २८००० | अन्य खर्च | ४३६८००.०० | ०.०० | ४३६८००.०० | १०८५०४.०० | ०.०० | १०८५०४.०० |
| | पूंजीगत | ७४८८९६७२.०० | ०.०० | ७४८८९६७२.०० | १०६६०४८२९.३७ | ०.०० | १०६६०४८२९.३७ |
| ३१११० | भवन तथा संरचना | ०.०० | ०.०० | ०.०० | ३३२२०७९.०० | ०.०० | ३३२२०७९.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३०६७५३४.०० | ०.०० | ३०६७५३४.०० | २८५०५५०.०० | ०.०० | २८५०५५०.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ८६३९५७.०० | ०.०० | ८६३९५७.०० | १६३८७५०.०० | ०.०० | १६३८७५०.०० |
| ३११४० | सुरक्षा उपकरण | ८४००००.०० | ०.०० | ८४००००.०० | ०.०० | ०.०० | ०.०० |
| ३११५० | सार्वजनिक निर्माण | ६९३७२६१३.०० | ०.०० | ६९३७२६१३.०० | ९४६३२०९६.३७ | ०.०० | ९४६३२०९६.३७ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ७०१२०३.०० | ०.०० | ७०१२०३.०० | ४१६१३५४.०० | ०.०० | ४१६१३५४.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ४४३६५.०० | ०.०० | ४४३६५.०० | ०.०० | ०.०० | ०.०० |
| (ख) | जम्मा भुक्तानी | ३६१७०३३१५.३९ | ०.०० | ३६१७०३३१५.३९ | ३९२३३७७७७.३४ | ०.०० | ३९२३३७७७७.३४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (ग) | बचत /कमी (ग = क-ख ) | ५४२६३०८.४३ | ०.०० | ५४२६३०८.४३ | -१९४३१८२०.६७ | ०.०० | -१९४३१८२०.६७ |
| (घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ७४५८१७४.९६ | ०.०० | ७४५८१७४.९६ | -२६२९४८१.०० | ०.०० | -२६२९४८१.०० |
| (घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | -३०८७०६.०० | ०.०० | -३०८७०६.०० | ०.०० | ०.०० | ०.०० |
| (ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | १२८८४४८३.३९ | ०.०० | १२८८४४८३.३९ | -२२०६१३०१.६७ | ०.०० | -२२०६१३०१.६७ |
| (च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ८९४८७५२८.६९ | ०.०० | ८९४८७५२८.६९ | १११५४८८३०.३६ | ०.०० | १११५४८८३०.३६ |
| (छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| (ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १०२३७२०१२.०८ | ०.०० | १०२३७२०१२.०८ | ८९४८७५२८.६९ | ०.०० | ८९४८७५२८.६९ |

३ **बित्तीय बिवरणमा समावेश नभएको कारोवार:**

पालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि. नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षा तथा संरक्षण | १२२५६९००० | १२१२८४७५७ |
| २. | स्वाथ्य श्रेत्र सुधार कार्यक्रम | ५३००००० | १६७८२६० |
| | जम्मा | १२७८६९००० | १२२९६३०१७ |

४ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६/०२/१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

- प्राप्त वितीय विवरणको म. ले. प. फारम नम्बर २७० टिप्पणी ६.२ मा देखाएको बैंक तथा नगद बाँकी रु. १०२३७२०१२।०८ मध्ये सञ्चित कोष खातामा रु. ८९९४४०८८/- र पाँच वटा कोष खातामा रु. १२४२७९२४/-मौज्दात रहेको छ ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिडान भएको पाईएन ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

५ **बजेट तथा कार्यक्रमः**

५.१ **बजेट पेश, पारित र अख्तियारी**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्रीलाल सुब्बा गुरुङ ले बजेट पारित मिति २०८०/०३/०९ गते रु. ४९ करोड ६० लाख ७९ हजार ४ सय १३ रूपौँयको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०/०३./१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०/ ०४ / ०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५.२ **बजेट सीमा निर्धारण समिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा भएको व्यवस्था अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

५.३ **बजेट अवण्डाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा वजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारमा तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आयव्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । भने अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २७ मा सञ्चित मोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित सभावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ । यस पालिकाले यो वर्ष देहायअनुसारका शीर्षकमा एकमुष्ठ रुपमा रु. २५ लाख अवण्डा वजेट राखेको कार्यक्रम तोकेको छैन । वजेट अवण्डाको रुपमा राखी पटके रुपमा खर्च गर्ने र वजेट संरचनामानै असर पर्ने खर्च गर्ने प्रकियामा नियन्त्रण गर्नुपर्दछ ।
अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्रम संख्या | कार्यक्रम/ आयोजना / क्रियाकलापको नाम | विनियोजित बजेट रकम |
|---|---|---|
| १ | विभिन्न आर्थिक सहायता अनुदान | ५००००० |
| २ | चालुखर्च अत्यावश्यक आकस्मिक कार्यक्रम तथा आदेश अनुसारको चालु खर्च | २०००००० |
| | जम्मा | २५००००० |

बजेट अवण्डा राखी सभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिका तथा गाउँपालिका प्रमुखको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

५.४ **बजेट विनियोजनः** आर्थिक वर्ष २०८०/०८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ।

| कुल बजेट | चालु बजेट रु . | प्रतिशत | पूँजीगत बजेट रु . | प्रतिशत |
|---|---|---|---|---|
| ४९६०७९४१३.१४ | ३५१५२२३९४.६४ | ७०.८६ | १४४५५७०१८.५ | २९.१४ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.४९६०७९४१३/- बजेट विनियोजन भएकोमा चालु तर्फ रु.३५१५२२३९४/- अर्थात ७०.८६ प्रतिशत र पूँजीगत तर्फ रु.१४४५५७०१८/- प्रतिशत बजेट अर्थात २९.१४ विनियोजन भएको छ । पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये चालु प्रकृतिको खर्चमा भन्दा पुँजीगत प्रकृतिको खर्चको हिस्सामा बढि बजेट विनियोजन गर्नुपर्दछ ।

५.५ **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपुरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐन,मा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

**मौज्दातको अबस्था:** पालिकाले उपलब्ध गराएको आर्थिक विवरण अनुसार यस पालिकाको पछिल्ला तीन आर्थिक वर्षको सञ्चित कोषको अन्तिम मौज्दातको अबस्था देहाय अनुसार रहेको छ:

| सि. नं . | विवरण | आ. ब . २०७८ / ०७९ | आ. ब . २०७९ / ०८० | आ. ब . २०८०/०८१ |
|---|---|---|---|---|
| १ | अन्तिम मौज्दात | १११५४८८३० | ८९४८७५२८ | १०२३७२०१२ |

पालिकामा वर्षान्तमा सञ्चित कोषको अन्तिम मौज्दातको रुपमा रहेको रकमलाई आगामि आर्थिक वर्षमा जिम्मेबारी सारेर समुचित उपयोग गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५.६ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रीय निकायले त्यसको भौतिक र बित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगती कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ७९.१५ प्रतिशत र आषाढमा मात्र ८०.७० प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गरेर प्रत्येक त्रैमासिकमा समानुपातिक ढंगले खर्च गर्न पहल गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ६८००. | ० | ० | ० | ६८००. | ६८००. |
| २ | प्रदेश पूँजीगत | ४३६०.०२ | ० | ० | ० | ४३६०.०२ | ४३६०.०२ |
| ३ | गाँउपालिका पूँजीगत | ४६६७४.७५ | २४७५. | ४०८६.८२ | १३२५६.५५ | ३४६१३.८७ | ३५५१४.७३ |
| | कूल खर्च | ५७८३४.७७ | २४७५. | ४०८६.८२ | १३२५६.५५ | ४५७७३.८९ | ४६६७४.७५ |
| | खर्च प्रतिशत | | ४.२८ | ७.०७ | २२.९२ | ७९.१५ | ८०.७ |

५.७ **क्षेत्रगत बजेट र खर्चको स्थितीः** स्थानीय तहहरुले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०/०८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ:

| क्र. सं. | क्षेत्र | बजेट ( रु. हजारमा ) | खर्च ( रु. हजारमा ) | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७०११० | ४९७१० | १३.७४ |
| २ | सामाजिक विकास | २०४५१० | १८४०२० | ५०.८८ |
| ३ | पूर्वाधार विकास | १०१५१० | ४१७६० | ११.५४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १०१६० | ६१८० | १.७१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०९७८० | ८००४० | २२.१३ |
| | जम्मा | ४९६०८० | ३६१७०० | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५०.८८ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा सबै भन्दा घटी १.७१ प्रतिशत भएकोले न्यून खर्च र बढी खर्च क्षेत्रबिच ४९.७१ प्रतिशतको फरक देखिन्छ । अत: पालिकाले प्रत्येक क्षेत्रमा समानुपातिक ढंगले खर्च गर्न पहल गर्नुपर्ने देखिन्छ ।

५.८ **बजेट तथा पूँजीगत खर्च:** नगरपालिका/गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र. सं. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ४९६०७९४१३.१४ | ७४८८९६७२ | १५.०९ |

पालिकाको यस वर्ष बजेट रु.४९६०७९४१३.१४/- विनियोजन गरेकोमा पूँजिगत रु.७४८८९६७२ गरेको छ जुन कुल बजेटको १५.०९प्रतिशत मात्र हुन आउँछ । पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये चालु प्रकृतिको खर्चमा भन्दा पुँजीगत प्रकृतिको खर्चको हिस्सामा बृद्धि गर्नुपर्दछ ।

**बजेट तथा चालु खर्च:** पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ ।

| क्र. सं. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ४९६०७९४१३.१४ | २८६८१३६४३.३९ | ५७.८१ |

पालिकाले यस पालिकाको यो वर्ष बजेट रु.४९६०७९४१३.१४ विनियोजन गरेकोमा चालु तर्फ रु.२८६८१३६४३.३९खर्च गरेको छ जुन कुल बजेटको तुलनामा ५७.८१ प्रतिशत हुन आउँछ ।पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये पुँजीगत खर्चको हिस्सामा बृद्धि गरी अनिबार्य प्रकृतिका बाहेक अन्य चालु खर्चहरुमा न्यूनीकरण गर्नुपर्दछ ।

## ६ पेश्की बाँकीः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७-५५ मा पेश्की दिने र फर्स्योट गर्ने कार्यविधिको व्यवस्था रहेको छ । नियम ५१ मा पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फर्स्योटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई असुल गर्न सकिने व्यवस्था छ । यस कार्यालयबाट तपसिल बमोजिमका कर्मचारी तथा अन्य व्यक्ति/संस्थाहरुलाई पेश्की उपलब्ध गराएकोमा नियमावली, बमोजिम फर्स्योटको अवधि सकिएकोले कार्यालयको तर्फबाट आगामी दिनमा यस्तो अवस्था आउन नदिन विशेष ध्यान दिनुपर्दछ ।अत: देहाय अनुसारका व्यक्ति तथा निकायहरुको नाममा वर्षान्त सम्म फछर्यौट हुन बाँकी रहेको पेश्की रु. ४३९४३० /- फछर्यौट हुनुपर्ने रु.

| क्र.सं. | कार्यक्रमको नाम | पेश्की लिने कर्मचारी/ठेकदार/ संस्था/ उ.स को नाम | पेश्की रकम म्याद ननाघेको | म्याद नाघेको पेश्की |
|---|---|---|---|---|
| १ | रामकोट रामादी मोटर वाटो निर्माण | मदन इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | | ४३९४३० |
| | | जम्मा | | ४३९४३० |

| | |
|---|---|
| पेश्की | ४,३९,४३० |

७ **आन्तरिक नियन्त्रण प्रणालीः**

७.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

**बजेट व्यवस्थापन तर्फ:**

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमहरु जस्तैः बैठक, तालिम, गोष्ठी, अभिमुखिकरण आदी लाई व्यवस्थापन गर्न कार्य सञ्चालन निर्देशिका स्वीकृति गरी सोको कार्यान्वियन गरेको छैन ।

• स्थानीय तहबाट यस वर्ष सञ्चालन कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती तयार गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापन तर्फ:**

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख राख्ने गरेको छैन ।

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् सबै खालका भ्रमणको प्रतिवेदन लिने गरेको छैन ।

**खरिद व्यवस्थापन तर्फ:**

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको विवरण पेश गरेको छैन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख राख्ने गरेको पाईएन ।

**शिक्षातर्फ:**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वयन भएको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।

**विविधतर्फ :**

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्तमा मात्र दिने गरेको छ ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• पुर्वाधार निर्माण योजनाहरुमा प्रयोग भएको सामाग्रीको प्रयोगशाला परीक्षणको प्रावधान रहेतापनि कतिपय योजनाहरुमा परीक्षणको भुक्तानी नहुने र प्रतिवेदन पेश नहुने गरेकोले प्रयोग हुने सामाग्रीको गुणस्तर कायम भएको सम्बन्धमा कार्यालय आश्वस्त हुनु पर्दछ ।

• कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानै रहेको र अद्यावधिक गरि राखेको छैन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्ने गरेको छैन ।

• मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको पाईएन।

अत: पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७.२ **सम्पत्ति हस्तान्तरण**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल-अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

७.३ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण:** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।

## ८ योजना तर्जुमा र कार्यान्वायन तर्फ:

८.१ **ठेक्का व्यवस्था :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १७ देखि ५२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । स्विकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाहरुको न्यून लागतमा तोकिएको गुणस्तरको कार्य भएको नभएको सम्वन्धमा नम्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको एकिन गर्न संयन्त्र तयार गरी न्यून मूल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा योजना सञ्चालन गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्र बिक्रि संख्या | बोलपत्र दाखिला संख्या | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | Upgrading of Ramkot Ramadhi Road (Third Part) | 1/RUPA/NCB/ WORKS/2080/81 | ७ | ७ | Madan Engineering & Construction Pvt. Ltd. | ११७४५१२३ | ८३८८३७३ | २८ |
| २ | Upgrading of Rupa Rural Municipality ward-1 and Ward-4 Connecting Road | 2/RUPA/NCB/ WORKS/2080/81 | ५ | ५ | PANTHI CONSTRUCTION AND BUILDERS | ६९३६०४३ | ५१२९६९४ | २६ |
| ३ | Procurement and Delivery of medicine Items | 3/RUPA/SQ/ GOODS/2080/2081 | ३ | ३ | Bivum Medicine Suppliers | ३००३७०३ | १४५४५११ | ५२ |
| ४ | Procurement and Delivery Bee Hives at Rupa Rural Municipality | 5/RUPA/NCB/ GOODS/2080/2081 | ५ | ५ | NIMISHA TRADING CONCERN | १८७७१८६० | १५५९०००० | १७ |
| ५ | Upgrading of Shivachandi Motar Bato | 6/RUPA/NCB/ WORKS/2080/2081 | ४ | ४ | Loyal/Rudramahadev JV,Hemja-25 | ९८०५९८६० | ६६८७०८९३ | १९ |
| ६ | Procurement and Supply Of Gabion Box at Rupa Rural Municipality | 8/RUPA/NCB/ GOODS/2080/2081 | ६ | ६ | Dhaulagiri kalika construction and Suppliers Pvt.Ltd,Tokha-3 ktm | ३३८१८७४ | २६३८३४२ | २२ |

८.२ **आयोजना हस्तान्तरण:** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट रु. ५२६५५०००/-खर्च गरी १६५ वटा आयोजनाहरु सम्पन्न गरेकोमा नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकी लगानी खेर जानसक्ने देखिन्छ । अत: सम्पन्न आयोजनाहरु समयमै हस्तान्तरण गरि उचित रेखदेख तथा मर्मत सम्भार हुने व्यवस्था गर्नुपर्दछ ।

८.३ **वार्षिक खरिद योजना/गुरुयोजना**: सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था गरेको छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ७४८८९६७२/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली, नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना तयार गरेतापनि खरिद गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली, बमोजिम खरिद गुरुयोजना बनाई व्यवस्थित, प्रभावकारी र पारदर्शी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८.४ **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजनाहरु छनौट नगरी साना-साना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुने कारण यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | ५६ | २४००००० |
| २ | रू. १ लाख देखि रू . ३ लाख सम्मका योजना | ५० | १३६९५००० |
| ३ | रू. ३ लाख देखि माथि रू . ५ लाख सम्मका योजना | ३२ | १०७६०००० |
| ४ | रु. ५ लाख देखि माथि रू . १० लाख सम्मका योजना | १७ | ११९६०००० |
| ५ | रू. १० लाख देखि माथि रू . २५ लाख सम्मका योजना | ६ | ८४४००० |
| ६ | रू. २५ लाख भन्दा माथीका योजना | १० | ५८८००००० |
| | जम्मा | १७१ | ९८४५९००० |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने कारण यस्तो कार्यमा नियन्त्रण गरी ठूला र प्राथमिकता प्राप्त योजना सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

८.५ **निर्माण कार्य व्यवस्थापन :** पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको योजनाहरुको विवरण देहाए बमोजिम रहेको छः

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| १७१ | ६ | २२२३४६७२ | १६५ | ५२६५५००० |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल १७१ योजनामा मध्ये ठेक्का मार्फत ६ वटा योजनामा रु. २२२३४६७२/- खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित १६५ योजनामा रु. ५२६५५०००/-खर्च गरेको छ । अर्थात १६५ योजनामा भएको खर्च मध्ये २९.६८ प्रतिशत ठेक्का प्रक्रिया र ७०.३१ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका विषयहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एवं व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

९ **धरौटी खाता:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली,२०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि कुन ब्यक्ति वा संस्थाको नाममा धरौटी रकम के बापत राखेको हो यकिन गर्न सकिएन। उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वयनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू राख्नुपर्दछ।

१० **जिन्सी व्यवस्थापनः**

१०.१ (४२६/२०८१-३-२०):

**जिन्सी हस्तान्तरण:**

..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१** को निर्णयले रू **९१२,८४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०.२ **पुस्तक छपाईको जिन्सी दाखिला:**

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१** को निर्णयले रू **१८५,६८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

११ **परामर्स सेवा खरिद:**

**सम्भाव्यता अध्ययन/डि.पि.आर:** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले कार्य गर्न संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा खर्च गरेको छ । यसरी खरिद गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, पालिकाकै जनशक्तिको परिचालन सम्बन्धमा पर्याप्त विश्लेषण गरेको पाईएन । यस्ता सम्भाब्यता अध्ययन तथा डि.पि.आर. तयार गर्ने कार्यमा परामर्श सेवा खरिद गर्दा ती आयोजना एवं कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत ध्यान पुर्‍याएको पाईएन । प्रत्येक वर्ष डि.पि.आर तयार गर्ने तर प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता समेत नगर्दा यस्ता कार्यमा भएको खर्चबाट अपेक्षित उलब्धी हाँसिल हुने नदेखिंदा यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्ने सम्बन्धमा पालिकाले ध्यान पुर्याउनु पर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ मा परामर्श सेवा (डि.पि.आर.समेत) वापत रु.६८२५२०/- भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नदि ढुङ्गा गिटी वालुवा उत्खन्न सम्बन्धी IEE | Head Geo Engineering Solution pvt.ltd | ३४४२०७ | २८२५०० | -१८ |
| २ | वडा नं२ को पेलुङ्गा चोक देखि सिर्कुतान सम्मको मोटर बाटो DPR | Engineering and Education Services | ४९३३९४ | ४०००२० | -१९ |
| | | जम्मा | ८३७६०१ | ६८२५२० | |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष आबधिक बिकास योजना कार्यमा शिलबन्दी कोटेशन विधिबाट ४ वटा सेवा खरिदका लागि जम्मा रु.४६३६१७३/- लाखको लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.४५४३६९९/- भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा १.९९ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१२ **कानून निर्माण तर्फ**

**न्यायीक समिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ:

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ४ | १७ | २१ | १८ | ३ |

उपरोक्तानुसार पालिकामा गत वर्षबाट ४ मुद्धा सरेर आएकोमा यो वर्ष थप १७ मुद्धा दर्ता भई जम्मा २१ मुद्धा रहेकोमा १८ मुद्धाको यो वर्ष निरुपण भई ३ मुद्धाको जिम्मेबारी सरेको पाईयो । आर्थिक वर्ष २०८०/०८१ को अन्तमा बाँकी रहेका ३ मुद्धाको समयमै न्यायिक निरुपण हुने व्यवस्था गर्नुपर्दछ ।

१३ **सेवा प्रवाहः**

**सेवाप्रवाहको स्थितिः** पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा निम्न विषयमा २२६८ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रदान गरेको छ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ५१३ |
| मृत्यु दर्ता | १८२ |
| बसाईसराई दर्ता | १८८ |
| विवाह दर्ता | २६१ |
| सम्बन्ध विच्छेद दर्ता | ३८ |
| जम्मा | ११८२ |

उपरोक्तानुसार पालिकाको वार्षिक सेवा प्रवाह अवस्था विश्लेषण गर्दा वार्षिक के कति सेवाग्राहीले सेवा प्राप्तिको लागि निवेदन दिएका थिए र के कतिले प्राप्त गर्न सकेनन् । सेवा प्राप्त हुन नसक्नुको कारण व्यवस्थित रेकर्ड नराखेकोले एकिन गर्न सकिएन । पालिकाले गुनासो सुनुवाई प्रभावकारि बनाई सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरेर सेवा प्रवाहको अवस्थाको मुल्याङ्कन गर्न सके थप प्रभावकारी हुने देखिन्छ ।

१४ **आन्तरिक आय तर्फ**

१४.१ **कर तथा शुल्क असुली**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान रकम | आ. व. २०८०/०८१ को आम्दानी रकम | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पती कर | ० | १३७० | ० |
| २ | भुमिकर/मालपोत | २५००००० | ९८०४२६ | ३९ |
| ३ | वहाल कर | १०००००० | १८४८४७ | १८ |
| ४ | अन्य मनोरञ्जन कर | ५०००० | ० | ० |
| ५ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५०००० | ० | ० |
| ६ | अन्य कर | ५००००० | ९५०० | २ |
| ७ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | २८५००० | ० |
| ८ | अन्य सेवा शुल्क तथा बिक्री | ० | १६००० | ० |
| ९ | न्यायिक दस्तूर | ५०००० | ३३०० | ७ |
| १० | शिक्षा क्षेत्रको आम्दानी | १००००० | ५०००० | ५० |
| ११ | परीक्षा शुल्क | १२०००० | ० | ० |
| १२ | अन्य प्रशासनिक सेवा शुल्क | १५००००० | ९५३९०९ | ६४ |
| १३ | नक्सापास दस्तुर | ८००००० | १०००० | १ |
| १४ | सिफारिश दस्तुर | १५००००० | १४४३२४० | ९६ |
| १५ | व्यक्तिगत घटना दर्ता दस्तुर | ६००००० | ३७३१४८ | ६२ |
| १६ | नाता प्रमाणित दस्तुर | ५००००० | २३९७९० | ४८ |
| जम्मा | | ९२७०००० | ४५५०५३० | ४९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं करदाताले कर बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्रका करदाताहरुको पहिचान गरेर अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

१४.२ **कर संकलनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा गाउँपालिका तथा नगरपालिकाले एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्षको आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ:

| आय शीर्षक | अनुमान | असुली |
|---|---|---|
| आन्तरिक आय | ११५००००० | ५४०७८३७ |

उपरोक्त विवरण अनुसार पालिकाले आन्तरिक आयको अनुमान रु. ११५०००००/- गरेकोमा अनुमानको तुलनामा ४७.०२ प्रतिशत अर्थात रु. ५४०७८३७/-आन्तरिक आय संकलन गरेको देखिन्छ । अतः आन्तरिक आय अनुमान भन्दा न्युन हुनुको कारण पहिचान गरी निराकरण गर्ने र पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउन आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१४.३ **आन्तरिक आय र खर्चको विश्लेषण :** पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | आर्थिक वर्ष | आन्तरिक आय | पालिकाको जम्मा खर्च | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ५४०७८३७ | ३६१७०३३१५ | १.४९ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु. ३६ करोड १७ लाख ३३ हजार रहेको छ भने राजश्व संकलन रु. ५४ लाख ७ हजार गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको १.४९ प्रतिशत बढी हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय ज्यादै न्यून रहेको देखिन्छ । अत: पालिकाले खर्चको तुलनामा आन्तरिक आय बृद्धि गर्दै प्रदेश तथा संघीय अनुदानको निर्भरता कम गर्नु पर्दछ ।

## १५ सहकारी तर्फः

**१५.१ सहकारी संस्थाको विवरण:** यस पालिका अन्तर्गतका सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ:

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | ६ | ३१४० | ७८३७७७५२ | १९०७५२२७९ | २४९७२६७१४ | ५३२५०५६० |
| बहुउदेश्यीय सहकारी संस्था लि. | | १८४ | ९२०००००० | १०४४८९४ | ५४६५४६९ | ४८८९७७ |
| कृषि सहकारी संस्था | १४ | ५१० | १३७९२९८ | ७२१२५९१ | ७८१६००० | ३७१७३७ |
| जम्मा | २० | ३८३४ | ८८९५७०५० | १९९००९७६४ | २६३००८१८३ | ५४१११२७४ |

**१५.२ सहकारी नियमन:** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली, र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

**१५.३ संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माण:** नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची-५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं.३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर पालिकाको सहकारी ऐन, २०७४ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय हुने व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

**१५.४ सहकारी संस्थाको अनुगमनः** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छः

पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि तोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र बचत रकमको उचित परिचालनका लागि प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

## १६ संगठन तथा कर्मचारी व्यवस्थापनः

**१६.१ कर्मचारी करार**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव

गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी मध्ये विभिन्न पद तथा स्वास्थ्य सेवामा समेत ७१ जना कर्मचारीहरु करारमा राखि रु.१५५८३०००/- खर्च लेखेको छ । यसरी स्वीकृत दरबन्दी करार सेवाबाट पूर्ती गर्नाले प्रतिशस्तर्धात्मक क्षमता भएका योग्य ब्यक्ती सेवा प्रवाहमा संलग्न हुन नसक्दा सेवा प्रवाह प्रभावकारी नहुने तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाको समेत पालना नहुने देखिंदा समयमै लोकसेवा आयोगमा रिक्त पदको माग पठाएर स्थायी कर्मचारी नियुक्तीको व्यवस्था गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुपर्दछ ।

१६.२ **दरबन्दी र पदपूर्ती** : पालिकामा स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्;

| क्र.सं. | स्वीकृत पद | संख्या | पदपूर्ती | | |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | ज्यालादारी |
| १ | अधिकृत स्तर | ३० | २३ | ६ | १ |
| २ | सहायक स्तर | ८८ | ३६ | ५१ | १ |

१६.३ **रिक्त पदको सूचना नदिएको** : स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ११८ जना रहेकोमा ५९ जना स्थायी, ५७ जना करार तथा २ जना ज्यालादारी कार्यरत रहेका छन् । तर पालिकाले गत विगत वर्षहरु देखि यस वर्षको लेखापरीक्षण अविधसम्म पनि रिक्त ५९ पद पूर्तीका लागि स्थानीय सेवा गठन तथा सञ्चालन ऐनमा तोकिएको व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन । अत: यस पालिकाले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई समयमै माग पठाएर कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपुर्ती गरी सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउनुपर्दछ ।

१६.४ **स्वत: पद रिक्त:** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वत: बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०८०/०८१ का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपठाई ५९ जनालाई करारमा नियुक्त गरेको कार्य नियमसम्वत् नदेखिनुका साथै उक्त करार सम्झौता स्वत: निष्क्रिय हुने देखिन्छ । साथै स्वत: बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनु पर्दछ । अत: पालिकाले समयमै प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएर करार सेवाको स्थानमा स्थायी पदपुर्ती गर्नुपर्दछ ।

१६.५ **तलवी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत र स्वास्थ्य तर्फ ६३ जना कर्मचारीको रु. १९७५३०९३/- र पालिकाका ५५ कर्मचारीको रु. ३२६८६०००/- समेत रु. 52439093/- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१७ **आर्थिक सहायता र विविध खर्चः**

१७.१ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले आन्तरिक आयलाई आधार मानेर तथा स्पष्ट मापदण्ड र

कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु ११६००००/- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु ५४०७८३७ को २१.४५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्ने देखिन्छ । पालिकाले विभिन्न व्यक्ति तथा निकायहरुलाई गर्ने सहयोग शिर्षकमा आर्थिक सहायता वितरण गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ साथै आर्थिक सहायता प्राप्त गर्नेको विवरण सार्वजनिक गरी सहायता वितरणमा पारदर्शिता कायम गर्नुपर्दछ ।

१७.२ **विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.१७०३२०० /- चालु खर्च गरेको छ । कार्यालयले उपलब्ध बजेटलाई कार्यक्रम बनाई उपलब्धीमुलक क्षेत्रमा खर्च गरेर यस्ता प्रकृतिका खर्चमा न्यूनीकरण गर्नुपर्दछ ।

१७.३ **अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ।नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ ।कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालु खर्च शिर्षकवाट रु. २४३५०००/- खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ, भन्ने आधार रहेन । पालिकाले नियमावलीमा भएको व्यवस्थाको पालना गरेर मात्र अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च गर्नुपर्ने देखिन्छ।

१८ **ठेक्का अभिलेखः-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः कार्यालयले स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१९ **शिक्षा तर्फः**

१९.१ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्तीः** आर्थिक वर्ष २०८०/०८१ मा पालिका भित्रका वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ:

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | १९८ | १३२ | ६६ | ० |

उक्त विवरण अनुसार पालिकामा जम्मा १९८ शिक्षक दरबन्दी रहेकोमा १३२ जना स्थायी पदपूर्ती र ६६जना अस्थायी/राहत/करारमा नियुक्त गरी पदपूर्ती गरेको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सिर्जना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१९.२ **शिक्षक विद्यार्थी अनुपात:** शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ मा शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ:

| क्र.सं. | विद्यालय नाम | विद्यार्थी संख्या | शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | Arunodaya Basic School | ७० | १० | १:०७ |
| २ | Bageshwori Basic School i | २० | ३ | १:०७ |
| ३ | Bhairawi Basic School | ३२ | ४ | १:०८ |
| ४ | Birendra basic school | २७ | ४ | १:०७ |
| ५ | Bishwa Shanti Secondary School | २३० | १९ | १:१२ |
| ६ | Chandi Basic School | ४१ | ४ | १:१० |
| ७ | Chandra Prabha Secondary School | २१४ | १९ | १:११ |
| ८ | Deurali Basic School | ६४ | ६ | १:११ |
| ९ | Gaun Pharka Basic School | ४१ | ५ | १:०८ |
| १० | Gaunpharka Secondary school | ६८ | १२ | १:०६ |
| ११ | Indrayani Basic School | ४७ | ९ | १:०५ |
| १२ | Janata Secondary School | १५९ | १३ | १:१२ |
| १३ | Jateshwor Secondary School | ३३ | ११ | १:०३ |
| १४ | Jyoti Prakash Basic School | १७ | ३ | १:०६ |
| १५ | Kalika Secondary School | १५४ | १२ | १:१३ |
| १६ | Kalpa basic school | १६ | ४ | १:०४ |
| १७ | Kamal Basic School | ३२ | ४ | १:०८ |
| १८ | Kuleshwor Basic School | १८ | ३ | १:०६ |
| १९ | Mahendra Basic School | ५० | ५ | १:१० |
| २० | Mai Maidan Basic School | २४ | ४ | १:०६ |
| २१ | Prithvi Rupa Secondary School | ८४ | १३ | १:०७ |
| २२ | Ramkot Secondary School | १०३ | १६ | १:०६ |
| २३ | Rithumala Basic School | ५४ | ४ | १:१४ |
| २४ | Rupa Jyoti Secondary School | ९९ | १३ | १:०८ |
| २५ | Saraswati Basic School | २० | ४ | १:०५ |
| २६ | Saraswati Basic School | ४१ | ४ | १:१० |
| २७ | Sharada Basic School | ३९ | ४ | १:१० |
| २८ | Shivalaya Secondary School | १५८ | १६ | १:१० |
| २९ | Suryodaya Basic School | ११ | २ | १:०६ |
| | जम्मा | १९६६ | २३० | १:०९ |

उपरोक्त विवरण अनुसार यस पालिकामा विद्यार्थी शिक्षक अनुपात १:०९ रहेको छ अर्थात यस पालिकामा १ जना शिक्षकले ९ जना विद्यार्थीहरुलाई पठन पाठन गराउनु पर्ने देखिन्छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गिकरणमा कास्की जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ । शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनु पर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा ९ जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा ज्यादै कम रहेको छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नु पर्दछ ।

१९.३ **प्रति विद्यार्थी लागतः** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १८६८३८००० | १३८४७०००० | २०५१ | ६७५१३ |
| जम्मा | १८६८३८००० | १३८४७०००० | २०५१ | ६७५१३ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.६७५१३/- रहेको छ । शिक्षक विद्यार्थी अनुपात कम रहेकोले प्रति विद्यार्थी लागत बढी रहेको देखियो । अतः पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गरेर प्रति विद्यार्थी लागत कम गर्न पहल गर्नुपर्दछ ।

१९.४ **विद्यालय र विधार्थी संख्या:** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | २९ | २०५१ |
| २ | संस्थागत विद्यालय | १ | ८४ |
| | जम्मा | ३० | २१३५ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या २१३५ रहेकोमा ९६ प्रतिशत संस्थागत विद्यालयमा र ४ प्रतिशत सामुदायिक विद्यालयमा अध्यनरत रहेको देखियो।

१९.५ **दिवा खाजाः** कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.७.११.१ मा तोकिएका विद्यार्थिका दिवा खाजाको लागि विद्यालयलाइ अनुदान निकासा गर्दा शैक्षिक व्यवस्थापन सुचना प्रणालीमा समावेश भएको वालविकास देखि कक्षा ५ सम्मको विद्यार्थि संख्यालाइ आधार मानी दैनिक रु १५ का दरले अधिकतम १८० दिनका लागि रकम निकासा गर्ने व्यवस्था रहेको छ।स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराएका विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विधार्थिको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ।त्यस्तै प्रत्येक चौमासिकमा रकम निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा भएको रकम सही सदुपयोग भए नभएको एकिन गर्ने व्यवस्था रहेको साथै विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले आ.व. २०८०/८१ मा IEMIS को तथ्याङ्क बमोजिम २८ वटा विद्यालयका लागि विभिन्न मितिमा रु.२९७५४४५/- भुक्तानी गरेको छ।तर विद्यालयहरुको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विधार्थिको संख्यात्मक हाजिरी विवरण प्रमाणित एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था को कार्यन्वयन भएको देखिएन। पालिकाबाट निकासा भएको रकम तोकिएको कार्यमा खर्च भए नभएको र खाजाको गुणस्तर कायम भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन।तसर्थ पालिकाले विद्यालयमा जाने अनुदानलाइ प्रभावकारी कार्यन्वयन गर्नको लागी अनुगमन निरिक्षण गरी प्रतिवेदन गर्नेका साथै उक्त कार्यक्रम कार्यन्वयन पुस्तिकाको पालना गर्नुपर्दछ।

१९.६ **छात्रबृति (गैरआवासीय)**: कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं ७.२.१.१मा सार्वजनिक विद्यालमा अध्ययनरत विधार्थिहरुका लागि छात्रबृति वापत अनुदान दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाइ सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थिको यथार्थ तथ्याङ्कसँग सत्यापान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी विद्यालयहरुलाइ निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले छात्रबृति बापत गोश्वारा भौचर नम्बर १०४ मिति २०८१/०२/२० बाट IEMIS मा प्रविष्टि तथ्याङ्कका आधारमा २८ वटा विद्यालयहरुलाइ रु.३३४२००/- निकासा गरेको छ । उक्त रकम सम्बन्धित विधार्थिले प्राप्त गरे नगरेको सम्बन्धमा पालिकाले अनुगमन गरी अभिलेख अध्यावधिक गर्नुपर्दछ ।

१९.७ **निशुल्क पाठ्यपुस्तक अनुदानः** कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाइ स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थिको यथार्थ तथ्याङ्कसँग सत्यापित विवरण शिक्षा अधिकृत बाट प्रमाणित गरी सो का आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने र यकिन भएका विधार्थि संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने उल्लेख भएको छ। त्यस्तै विधार्थिले शैक्षिक सत्रको सुरुवातमा नै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने व्यवस्था रहेको छ।पालिकाले आ.व. २०८०/८१ मा पाठ्यपुस्तक वापत विभिन्न विद्यालयहरुलाइ रु.१००५७७५/- भुक्तानी गरेको छ। उक्त रकमबाट विद्यालयहरुले पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको तथा पाठ्यपुस्तकको उपलब्धता र वितरण सम्बन्धमा पालिकाले अनुगमन गरेको देखिदैन। पालिकाले अनुगमन गरी अनुदान प्राप्त गर्नेको विवरण सार्वजनिक गर्नुपर्दछ ।

१९.८ (८५-२०८१-१-७):

**शैक्षिक गुणस्तर सुदृढिकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.७.१३.१३ मा कक्षा १-३ मा पढाइ तथा गणित क्षेत्रका थप सिकाइ सामाग्री छपाइ तथा वितरण कार्यको लागि प्रति विद्यालय वार्षिक ३ हजारका दरले अनुदान दिन सक्ने व्यवस्था गरिएको छ।पालिकाले पुस्तक छपाइ वापत आदर्श अफसेट प्रेसलाइ रु.२३६८९५ भुक्तानी गरेको छ।यस कार्यक्रम अन्तर्गत पालिकाले २८ वटा विद्यालयको बार्षिक रु ३००० का दरले जम्मा ८४००० खर्च लेख्न मिल्नेमा अन्य उपक्रियाकलापमा व्यवस्था भएको बजेट समेत यस कार्यक्रमा समावेश गरी रु.२३६८९५/- खर्च लेखेकोले बढी खर्च लेखेको रकम नियम सम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,३६,८९५ |

२० **स्वास्थ्य तर्फ:**

२०.१ **स्वास्थ्य तर्फ**: पालिकामा आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छः

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | औषधी वितरण रु |
|---|---|---|---|---|---|
| अस्पताल | १ | २९ | २२ | ३३६८ | २५७२४३ |
| स्वास्थ्य संस्था तथा चौकी | ५ | २३ | २३ | ७५७५ | ५८११३८१ |
| आधारभुत/सहरी स्वास्थ्य केन्द्र | ४ | २४ | १५ | ८६९३ | ६६५७६५ |

उक्त विवरण अनुसार पालिकामा जम्मा १ अस्पताल, ५ स्वास्थ्य चौकी तथा ४ आधारभुत/सहरी स्वास्थ्य केन्द्रमा ६० जना स्वास्थकर्मी कार्यरत रहेकोमा अस्पतालतमा २२ जना तथा स्वास्थ्य संस्था तथा चौकी २३ जना कर्मचारी कार्यरत रहेको देखियो । पालिकाले समयमै लोकसेवा आयोग र मन्त्रालयमा रिक्त दरबन्दीको माग पठाएर दरबन्दी अनुसार स्थायी पदपुर्ती गरि सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

२०.२

**औषधी खरिदः** पालिकाले यस वर्ष विरामीहरुको स्वास्थ्य उपचारको लागी रु.११०००००/- औषधी खरिद गरेकोमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. GMP सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन (निशुल्क वितरण) भनि खुलाएको प्रमाण समावेश भएको छैन।

• आपूर्ति भएका औषधी एबं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

पालिकाबाट प्राप्त विवरण अनुसार प्रदेश स्वास्थ आपुर्ती ब्यवस्थापन केन्द्र तथा स्वास्थ सेवा बिभागवाट आपुर्ती गरिएका औषधी मुल्य नखुलाई आपुर्ती गरिएको साथै म्याद भुक्तानी समय कम रहेका औषधी आपुर्ती गरिएको र मागको आधारमा आपुर्ती नगरीएको कारण औषधीको मुल्य खुलाउन नसकिएको पालिकाले जनाएको छ । मौज्दातको अवस्था हेरेर मात्र औषधी आपुर्ती गर्नुपर्नेमा पालिकाले अधिकतम् मौज्दात (ASL) र न्यूनतम् मौज्दात (EOP) हुनुपर्ने परिमाण नखुलाएकोले औषधी खरिद र आवश्यकता बारे एकिन हुन सकिएन । औषधीको मौज्दात बढी भएका तथा म्याद भुक्तान हुन लागेका औषधी स्वास्थ चौकीमा हस्तान्तरण गरेको कारण पालिकामा म्याद भुक्तान भएको औषधी देखिएन। पालिकाले औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## २१ कृषि तथा पशुतर्फः

२१.१ **अनुदान व्यवस्थापनः** पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि तथा पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छः

| क्र.सं. | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | ७ | १,३०,०५,००० |
| २ | पशु तर्फ | ९ | ४१५०१०० |
| | जम्मा | | १,७१,५५,१०० |

उपरोक्त विवरण अनुसार यस पालिकाले यो वर्ष कृषि पशु लगायतका क्षेत्रमा रु. १,७१,५५,१०० /- अनुदान वितरण गरेको छ । अनुदान वितरण पश्चात अनुगमन प्रभावकारी रुपमा गरी उपलब्धी मापन गरेको नदेखिएकोले अनुदानको सदुपयोग भएकोमा सम्बन्धमा आस्वस्त हुन सकिएन । अतः अनुदान वितरणसंगै अनुगमन संयन्त्र बलियो बनाई अनुदानको अपेक्षित रुपमा सदुपयोग भए नभएको एकिन गर्नु पर्दछ ।

२१.२ **कृषि तथा पशुमा अनुदान**: कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागी प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७३ को बुँदा नम्बर ७ मा अनुदान दिने सार्बजनिक निकायको जिम्मेबारी सम्बन्धी ब्यबस्था गरेको छ । निर्देशिकाको बुँदा नम्बर ७.२ मा अनुदानको कार्यान्वयन गर्न गराउन नियमित रुपमा सुपरीबेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्बजनिक निकायको प्रमुखको कर्तब्य हुने उल्लेख छ । पालिकाले उपलब्ध गराएको सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा बृद्धि भए नभएको सम्बन्धमा प्रतिवेदन तयरा गरी पेश गर्नुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत सञ्चालित केही कार्यक्रमहरु देहाय अनुसार रहेका छन्;

कृषि शाखा तर्फः

| क्र.सं. | कार्यक्रमको नाम | लाभग्राही संख्या जना | अनुदान रकम |
|---|---|---|---|
| १ | मौरी प्रवर्धन कार्यक्रम | ९२० | १,२०,००,००० |
| २ | उत्पादनमा आधारित अनुदान (कृषि एम्बुलेन्स) कार्यक्रम | १९ | ४,७९,००० |
| ३ | किसान सुचिकरण | ६९० | १,९८,००० |
| ४ | कृषि पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अध्यावधिक | | ९९,००० |
| ५ | सम्भाब्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि ५ जनाको समुहमा प्रविधि हस्तान्तरण कार्यक्रम | १ | २८,००० |
| ६ | सिप्लिकान तथा स्थानीय सम्भावना भएका बालि प्रवर्द्धन कार्याक्रम | ५७ | १९,००० |
| ७ | कृषक तालिम कार्यक्रम | | १,८२,००० |
| | जम्मा | | १,३०,०५,००० |

पशु शाखा तर्फः

| क्र.सं. | कार्यक्रमको नाम | लाभग्राही संख्या जना | अनुदान रकम |
|---|---|---|---|
| १ | भकारो सुधार कार्यक्रम | २८ | २२३००० |
| २ | हरियो घासँ बिस्तार कार्यक्रम | २८ | ८१३००० |
| ३ | घासँ खेति तथा उत्पादनमा आधारित कृषक अनुदान कार्यक्रम | ३४ | ७४९००० |
| ४ | औषधी खरिद तथा शिबिर संचालन कार्यक्रम | ५१२ | ५७८००० |
| ५ | कृषि अनुदान (बाख्रा वितरण कार्यक्रम) | १३९ | १३,९९,१०० |
| ६ | नश्ल सुधार कार्यक्रम | २९२ | १,४६,००० |
| ७ | कृत्रिम गर्भधान मिसन कार्यक्रम | | १,२६,००० |
| ८ | महामारी आकास्मिक रोग नियन्त्रण कार्याक्रम | ७३ | ९५००० |
| ९ | पशु जोखिम/कोष महामारी रोग नियन्त्रण/विमा तालिम कार्याक्रम | २ | २४,००० |

पालिकाले अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना-साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत बृद्धि नगर्ने हुँदा ठूला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरेर लिखित प्रतिवेदन समेत लिनुपर्दछ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य विमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । साथै कृषि तथा पशु सम्बन्धी केही कार्यक्रमहरु बिनालागत सहभागीतामा समेत सञ्चालन हुने गरेकोमा सबै कार्यक्रममा अनिवार्य लागत सहभागिता गराएर कृषकको स्वामित्व कायम गराई अनुदानको प्रभावकारी उपयोग गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ साथै अनुदान प्राप्त गर्नेको विवरण सार्वजनिक गर्नुपर्दछ ।

२१.३ (२४-२०८१-३-२२):

**उत्पादनमा आधारित ढुवानी अनुदान:** रुपा गाउँपालिकाको कृषिक्षेत्रसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० को बुँदा नम्बर ४ मा उत्पादनमा आधारिकत ढुवानी अनुदान कार्यक्रम सम्बन्धी व्यवस्था गरेको छ । सो अनुसार मासिक रुपमा १५०० लिटर भन्दा बढी दुध उत्पादन गर्ने कृषकलाई प्रति लिटर रु.१६.६६ र मासिक १५०० के.जी. भन्दा बढी कृषि उपज उत्पादन गर्ने कृषकलाई प्रति के.जी. रु.१६.६६ ढुवानी अनुदान दिने व्यवस्था रहेकोमा देहाय अनुसार १५०० लिटर भन्दा कम दुध उत्पादन गर्ने र १५०० के.जी. भन्दा कम कृषि उपज उत्पादन गर्ने कृषकलाई समेत रु.२६६६६२/- ढुवानी अनुदान उपलब्ध गराएको नियम सम्मत नदेखिएको रु.

| सि.नं. | योजनाको नाम | उत्पादन परिमाण | ढुवानी अनुदान |
|---|---|---|---|
| १ | श्री कृष्ण भैंसी फर्म | १३०० लिटर | २१६६६ |
| २ | उज्यालो रुपमा एकिकृत कृषि तथा पशुपंक्षी फर्म | १००० लिटर | १६६६६ |
| ३ | मसिनी जोशी बाखरा फर्म | १२०० लिटर | २०००० |
| ४ | बारीखेत बहुउद्देश्यीय अर्गानिक कृषि फर्म | १४५० के.जी. | २४१६६ |
| ५ | शिम्लेश्वारा एकिकृत कृषि तथा पशुपंक्षी फर्म | १४०० के.जी. | २३३३३ |
| ६ | काउरे गाई भैंसी पालन कृषक समूह | १३०० लिटर | २१६६६ |
| ७ | ईन्द्रगुफा बहुदेश्यीय कृषि फर्म | १४०० के.जी. | २३३३३ |
| ८ | शर्मिला एकिकृत कृषि तथा पशुपंक्षी फर्म | १३५० के.जी. | २२५०० |
| ९ | माझबेंसी न्यौपाने कृषि फर्म | १४५० के.जी. | २४१६६ |
| १० | श्रेष्ठ एकिकृत कृषि तथा पशुपंक्षी फर्म | १४०० के.जी. | २३३३३ |
| ११ | चन्द्राती एकिकृत कृषि तथा पशुपंक्षी फर्म | १३५० के.जी. | २२५०० |
| १२ | तारा पौडेल कृषि तथा पशुपंक्षी फर्म | १४०० के.जी. | २३३३३ |
| | जम्मा | | २६६६६२ |

| | |
|---|---|
| अनियमित भएको | २,६६,६६२ |

२१.४ **लागत साझेदारीमा मौरी घार वितरण:** गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३६ (१५) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले पालिकाक्षेत्रभित्र रहेका ७ वटै वडाका विभिन्न किसानहरुलाई लागत साझेदारीमा प्रति मौरी घार रु.३५००/- का दरले किसानले लागत व्यहोर्ने र थप रकम पालिकाले व्यहोर्ने गरी १९९५ मौरी घार वितरण गरेको छ । यस पालिकाले टुनी काठले बनेको र मौरी सहितको २००० थान मौरी घार खरिद गर्न Nimisha Trading Concern, Dhanusha, Janakpur सँग संझौता मितिबाट ३० दिन भित्रमा कार्य सम्पन्न गर्नुपर्नेगरी मिति २०८१/०१/१६ मा रु.१५५९००००/- को संझौता गरेर रु.१५५५१०२५/- भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

- उक्त कार्यको लागत अनुमान तयार गर्दा आर्थिक वर्ष २०८०/८१ को मौरीको घारको जिल्ला दर रेट अनुसारको दर र यस पालिकाको पालिका दर रेट अनुसारको दर प्रति घार रु.४४८१.८४ रहेकोमा मौरी घारको लागत अनुमान तयार गर्दा यस पालिकाले आर्थिक वर्ष २०७८/७९ मा पारित गरेको मौरी घार (टुनीको काठ प्रयोग भएको) प्रतिघार रु.५०००/- को दररेट

प्रयोग गरेको छ । पालिकाले थप सामाग्री शिर्षकमा मौरी घार (टुनीको काठ प्रयोग भएको) को आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा कुनै दर रेट पारित गरेको छैन । आर्थिक वर्ष २०८०/८१ को दर प्रयोग नगरी आर्थिक वर्ष २०७८/७९ को दर प्रयोग गर्दा प्रतिघार रु.५१८.१६ का दरले २००० घारको रु.१०३६३२०/- लागत अनुमान बढी हुन गएको नियम सम्मत नदेखिएको रु..

- रुपा गाउँपालिकाको मौरी प्रवर्धन कार्यक्रम कार्यान्वियन निर्देशिका, २०८० को अनुसूची ३ मा गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा ९ सदस्यीय कृषक छनौट समिति रहने व्यवस्था भएकोमा सो समितिबाट कृषक छनौटको निर्णय भएको छैन ।
- उक्त खरिद कार्यमा मौरीको घारको साईज Newton-B र घारभित्र १० वटा फ्रेम हुनुपर्ने जनाएकोमा सोको लम्बाई, चौडाई, प्रयोग हुने काठको साईज लगायतका विषय समेटेर लागत अनुमान तयार गरी प्राविधिक कर्मचारीबाट पारित गराएको छैन ।
- खरिदको संझौतामा मौरीको घार टुनी जातको काठबाट तयार भएको हुनुपर्ने, घारभित्र १० वटा फ्रेम हुनुपर्ने र ५ वटा फ्रेममा सेरेना जातको मौरी भरिएको हुनुपर्ने, घारमा सेतो रंग लगाएको हुनेपर्ने लगायतका सर्त रहेकोमा कार्य सम्पन्न गर्न ३० दिनको मात्र म्याद राखी संझौता गरेकोले तोकिए बमोजिम टुनीको काठ प्रयोग गरी मौरी घार निर्माण गरेर सोमा ५ फ्रेममा सेरेना जातको जिवित मौरी हुनुपर्ने सर्त राखेकोमा सो सर्त अनुसारको घार प्राप्त भए नभएको पालिकाले एकिन गर्नुपर्दछ ।
- खरिद भएका मौरी घार तोकिएको स्पेसिफिकेसन र सर्त अनुसारको भए नभएको सम्बन्धमा कुनै प्राविधिकले परीक्षण गरि प्रतिवेदन पेश गरेको छैन भने रुपा गाउँपालिकाको मौरी प्रवर्धन कार्यक्रम कार्यान्वियन निर्देशिका, २०८० को अनुसूची ४ मा रुपा गाउँपालिकाका वडा नम्बर ३ का अध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा प्रमाणिकरण समिति रहने व्यवस्था भएकोमा सो समितिले प्रमाणिकरण गरेर खरिद भएका मौरी घार तोकिएको स्पेसिफिकेसन अनुसारको भए नभएको प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन ।
- खरिद भएका मौरी अधिकांश किसानलाई १ घार र धेरै किसानलाई १० घारभन्दा बढि र केहीलाई २० घारसम्म वितरण गरेकोले यसरी कुनै मापदण्ड तथा किसानको स्तर निर्धारण नगरी एउटै प्रकृतिका किसानहरु मध्ये कसैलाई धेरै वितरण गर्दा अनुदानको समानुपातिक वितरण भएको देखिएन ।

  अत: खरिद संझौतामा तोकिएको सर्त र लागत अनुमान अनुसारको मौरी सहितको घार प्राप्त गरेर, प्राप्त भएका सबै घारहरु छनौट गरिएका र तोकिएका किसानहरुलाई वितरण गरि अनुदानको सदुपयोग भएको सम्बन्धमा पालिका एकिन हुनुपर्दछ भने मौरीघार खरिद गरि किसानहरुलाई वितरण गरेपछि लक्ष्यित किसानले पाए नपाएको र वितरण गरिएका घारहरु किसानहरु आफैले मौरी पालनमा उपयोग गरे नगरेको सम्बन्धमा पालिकाले अनुगमन गरि प्रतिवेदन पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | १०,३६,३२० |

२१.५ (१३८-२०८१-३-१७):

**घाँस विस्तार कार्यक्रम:** गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३६ (१५) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले यो वर्ष हरियो घाँस बिस्तार कार्यक्रम अन्तर्गत कम्तिमा ८ रोपनी जग्गा भएको किसानले घाँस खेती गर्नुपर्ने सर्तमा २८ वटा कृषि फर्महरुलाई रु.७७२०००/- अनुदान दिएकोमा कृषि फर्म छनौटको आधार पेश गरेको छैन । त्यसैगरी कृषि फर्मलाई जग्गाको क्षेत्रफल तोकेको तर घाँस खाने पशुपञ्छी पाल्नु पर्ने सर्त तोकेको छैन । उक्त कार्यक्रममा अनुदान दिंदा कुन जातको कति घाँस लगाउनुपर्ने व्यहोरा नखुलाएको, घाँसको वीउ वा विरुवा खरिद गरेको र खरिद गरेर वितरण गरेको बिल भर्पाई पेश नभएकोले किसानले कुन जातको घाँस लगाएको, उत्पादित घाँस उपयोग गर्न के कति घाँसखाने पशु पालन गरेको सो व्यहोरा समेत नखुलाई नगदै अनुदान उपलब्ध गराएको रकम नियम सम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ७,७२,००० |

२२ **नगद मौज्दात:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ (६) मा कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको राजश्व रकमको अनिबार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम नियम ५८ (६) मा नगदै बुझिलिएको राजश्व दैनिक रुपमा राजश्व खातामा जम्मा गरि बैंक दाखिला विवरणमा प्रबिष्ट गर्नु पर्ने व्यवस्था रहेको छ । यस पालिकामा आर्थिक वर्ष २०८०/८१ मा संकलन भएको राजश्व रु. रु.१०२८५०/- बैंक दाखिला नगरी नगद मौज्दातको रुपमा रहेको देखिन्छ । पालिकाले सूत्र प्रणालीमा रसिद जारी गर्दा बैंक छनौट गरि जारी गर्नुपर्नेमा नगद छनौट गरि जारी गरेकाले प्रणालीमा नगद मौज्दात देखिएको तर हिसाव फरक नपरेको पालिकाले जनाएको छ । यसरी नगद मौज्दातको रुपमा रहेको रकम नियमानुसार सञ्चित कोषमा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०२,८५० |

२३ **स्रोत सुनिश्चितता:**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रहेर खर्च गर्नु पर्दछ र नियम ३९ (२) मा चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । यस पालिकाले स्रोत सुनिश्चित भएर मात्र खर्च लेख्नुपर्ने तथा सभाबाट स्विकृत कार्यक्रममा मात्र रकम खर्च लेख्नुपर्नेमा स्रोत सुनिश्चितता तथा स्वीकृत कार्यक्रम बेगर बिभिन्न योजनामा खर्च लेखेकोले पूँजिगत खर्च खाता रु.१५२३६९२/- ऋणात्मक देखियो । सुत्र प्रणाली पौष १५ मा प्रविष्टी गर्न नमिल्नेगरी कारोबार बन्द भएकोले हिसाव मिलान गर्दा प्रणालीमा हिसाव मिलान नभएको देखिएको तर बैंक र श्रेस्तामा फरक परेको रकम मिलान गरी जिम्मेबारी सारिएको सारि सकिएको पालिकाले जनाएको छ । यस पाललिकाले यसरी स्वीकृत कार्यक्रम बेगर खर्च लेखेको अनियमित देखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | १५,२३,५९२ |

२४ **मौज्दात बाँकी:**

पालिकाले आर्थिक वर्षको अन्तमा चालु खातामा बाँकी रहेको रकम संचित कोष खातामा ट्रान्सफर गरि मौज्दात शुन्य गर्नुपर्नेमा सो नगरेको कारण चालुखर्च खातामा रु.१९४१७५/- रकम मौज्दात देखिएको छ । सुत्र प्रणाली पौष १५ मा प्रविष्टी गर्न नमिल्नेगरी कारोबार बन्द भएकोले हिसाव मिलान गर्दा प्रणालीमा हिसाव मिलान नभएको देखिएको तर बैंक र श्रेस्तामा फरक परेको रकम मिलान गरी जिम्मेबारी सारि सकिएको पालिकाले जनाएको छ । यसरी चालुखर्च खातामा मौज्दात देखिएको रकम सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९४,१७५ |

२५ **वडा नं. २ को प्रशासकिय भवन निर्माणः**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले वडा नं २ प्रशासकिय भवन निर्माणका लागि मिति २०७९/१०/२३ सम्म कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी कश्यप निर्माण सेवा एण्ड सप्लायर्ससँग ठेक्का नम्बर 5/RUPA/NCB/works/2078/2079) बाट मिति मिति २०७८/१०/२४ मा रु.१५७५७६०५/- को सम्झौता गरी निर्माण अवधी १ वर्ष दिएकोमा सुरु सम्झौताको २०० प्रतिशत म्याद भुक्तानी हुँदा समेत प्रगती ८० प्रतिशत देखिएको र अन्तिम पटक म्याद थप गरि मिति २०८१ माघ मसान्त सम्म समय दिएकोमा तोकिएको समयमा कार्य सम्पन्न गर्ने र सेवा प्रवाह दिने तर्फ पालिकाले कार्य प्रगती बढाउनु पर्ने देखियो।

२६ **पाईप खरिदः**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ४१ (ख) मा अधिकार प्राप्त अधिकारीले आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागी आवश्यक प्रमाण पुगेको सुनिश्चित भएर मात्र सरकारी रकम खर्च गर्नुपर्ने ब्यबस्था रहेको छ । सोही नियमावलीको नियम ९९ (५) मा कार्यालयले आवश्यकता भन्दा बढी हुने सम्पती तथा जिन्सी मालसामान खरिद गर्नु गराउनु हुँदैन भन्ने ब्यबस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम १०५ मा कुनै नगद, जिन्सी वा सरकारी कागजात हस्तान्तरण गर्दा कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीको लिखित आदेश भएपछि महालेखापरीक्षकबाट स्वीकृत ढाँचाको हस्तान्तरण फारम भरेर मात्र हस्तान्तरण गर्नुपर्दछ भन्ने ब्यबस्था रहेको छ । यस पालिकाले यो वर्ष शुभकामना ट्रेडर्सबाट देहाय अनुसारका रु.४५३४१३/- मूल्यका पाईप खरिद गरेकोमा बितरण गरेको भर्पाई पेश गर्नुपर्ने रु..

| विवरण | परिमाण | दर | रकम |
|---|---|---|---|
| HDPE NS Pipe 110 MM PN6 | २४० | ४६२ | ११००० |
| HDPE NS Pipe 125 MM PN6 | १८० | ५९८ | १०७७३ |
| HDPE | १६८ | ७५५ | १२६८४० |
| HDPE | १८० | ३१०.५ | ५५८९० |
| जम्मा | | | ४०१२५० |
| मूल्य अभिबृद्धि कर | | | ५२१६३ |
| मूल्य अभिबृद्धि कर सकिहत जम्मा मूल्य | | | ४५३४१३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५३,४१३ |

२७ **राजश्व ब्यबस्थापन:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ (६) मा कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको राजश्व रकमको अनिबार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम नियम ५८ (६) मा नगदै बुझिलिएको राजश्व दैनिक रुपमा राजश्व खातामा जम्मा गरि बैंक दाखिला विवरणमा प्रबिष्ट गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको आर्थिक विवरण अनुसार यस पालिकाको आन्तरिक आय यो वर्ष रु.५४०७८३७/- रहेको छ । यस कार्यालयले आफ्नो अधिकार क्षेत्रभित्र रहेर पालिका र वडाहरुबाट कर, शुल्क, दण्ड, जरिवाना तथा रोयल्टी लगायतका क्षेत्रबाट राजश्व संकलन गर्ने गरेकोमा विद्युत आपुर्ती अबरुद्ध भएको र आकस्मिक अबस्थामा संकलन गर्न छापिएका रसिद काट्ने गरेको र अन्य प्रयोजनमा सुत्र प्रणालीबाट रसिद प्रिन्ट गरी जारी गर्ने गरेको कार्यालयले जनाएको छ । छापिएका रसिदको रसिद नियन्त्रण खाता राख्ने गरेको जनाएतापनि वडा कार्यालयमा पठाएका र पालिकामा रहेका रसिदहरु के कति प्रयोग भए र के कति ठेली/पानाहरु बाँकी रहेका छन् सो को विवरण राख्ने गरेको छैन । पालिकाले राजश्व संकलन गर्न प्रयोग हुने रसिद के कति छापिएका र के कति वडा तथा पालिकामा प्रयोग भै के कति बाँकि रहेका छन् र रसिद काटेर संकलन भएको राजश्व समयमै बैंक दाखिला भए नभएको सम्बन्धमा एकिन गर्नुपर्दछ ।

२८ **उपभोक्ता समितिमार्फत कार्यः**

२८.१ **हेभी इक्विपमेण्टको प्रयो**ग: उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनले तोकेको प्रक्रिया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावली,को प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावली,को व्यवस्था अनुसार

सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । अत: पालिकाले लाभग्राही समुदायबाट योजना सञ्चालन गर्दा हेभी मेशिन प्रयोग गर्नै पर्ने अबस्था आईपरेमा नियमावलीले तोकेको व्यवस्था अनुसार सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएर मात्र कार्य गराउनु पर्दछ ।

२८.२ **नगद भुक्तानी:** आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं. १८३ वाट राज्यकोषवाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको, अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४।०२।१६ को पत्रको प्रकरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ्ग च्यानल बाट भुक्तानी गर्नु पर्ने ब्यवस्था भएकोमा पालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ ।

२९ **चालुखर्च तर्फः**

२९.१ **पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार पालिकाले यस आर्थिक बर्षमा पदाधिकारी सुविधा शीर्षकमा रु. ७७१७०००/- खर्च गरेको देखिन्छ । पदाधिकारी सुविधामा भएको खर्च आन्तरिक आय रकम रु. ५४०७८३७/- को १४२.७० प्रतिशत हो। पालिकाको आन्तरिक आयको अबस्था अनुसार पालिकाको आन्तरिक आय पदाधिकारी सुविधामा मात्रै एक चौथाई खर्च भएको देखिन्छ । अतः पालिकाले आन्तरिक आय बृद्धि गरी पर्याप्त आन्तरिक श्रोत भएपछि मात्र पदाधिकारी सुविधामा थप खर्च गर्नुपर्दछ ।

२९.२ **कार्य योजना:** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/ कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन, बमोजिम कार्य नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन, तथा नियमावली,मा समिति गठन तथा रकम बिनियोजन गरेको देखिएन । अतः पालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा ऐनले तोकेका व्यवस्थाहरुको कार्यान्वियन गर्नु पर्दछ ।

३० **कन्टिन्जेन्सी खर्चः**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च रु. ८५६६९३/- कन्टीन्जेन्सी खर्च गरेको छ ।

• सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन । योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

• महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार स्टेशनरी छपाई सूचना प्रकाशन इन्धन दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन् ।

• कन्टेन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ । वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मुल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ ।

• कन्टिन्जेन्सी रकमवाट विविध कार्यालय मालसामान इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको एकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

३१ **रकम फिर्ता:** (३९९-२०८१-३-१७):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **२,६००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३२ **अध्ययन छात्रबृत्ति:**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३६ (१५) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकामा हालसम्म भेटेनरी डाक्टरको उत्पादन नभएको जनाइ स्थानीय तहमा प्रभावकारी सेवा प्रवाह गर्न उपयोगी र आवश्यक हुने विषय जनाएर पालिकाले रु.२१४६२३/- अध्ययन छात्रबृत्ति प्रदान गरेको छ । यसरी स्थानीय तहले खर्च गरी अध्ययन गर्न पठाउन पाउने व्यवस्था गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ११ को उपनियम २ मा रहेको पालिकाले जनाएको छ । यस पालिका पशुसेवा प्राविधिक (पाँचौं) तहका कर्मचारीलाई B.V.Sc and AH अध्ययनको लागी कृषि तथा वन विज्ञान विश्वविद्यालय (AFU) र विभाग विच सम्पन्न MOU अनुसार प्राप्त कोटामा अध्ययनका लागी संघिय विभागले छात्रबृतिमा छनौट गरेको कर्मचारीई पालिकाले कुल अध्ययन शुल्क वापत लाग्ने रकम रु.८५८४९५/- को २५ प्रतिशतले हुने रकम रु.२१४६२३/- भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

| |
|---|
| अनियमित भएको |

३३ **स्थापना दिवस खर्च:**

चालु गोभौनं ३१७ बाट यस पालिकाले वार्षिक रुपमा मनाउने गरेको स्थापन दिवस यस वर्ष पनि मनाउन रु.१८,२४,९९१/- खर्च गरेको देखिन्छ । साल वसालि रुपमा मनाउने स्थापना दिवस कम खर्चिलो र मितव्ययी ढंगले सम्पन्न गर्नुपर्छ । गाउँपालिकाको स्थापना दिवसमा मात्रै आन्तरिक आयको ३३.३३ प्रतिशत अर्थात उल्लेख्य रुपमा धेरै खर्च गरेकोले यस्ता खर्चमा नियन्त्रण गरेर मित्तव्ययीता कायम हुनेगरी दिवस तथा समारोहहरु सञ्चालन गर्नुपर्दछ ।

३४ **बढि भुक्तानीः**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ (१५) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले चालु गो. भौ. नं ३४३ श्री आश्वसन शाही र वडा नं. ३ विच भएको सम्झौतामा करार अवधि २०८१/०१/०३ देखी २०८१ वैसाख मसान्त मात्र (जम्मा दिन २९ हुन आउने) भएकोमा रु.१९३४३/- भुक्तानी दिनु पर्नेमा ४४ दिनको रु.२९३३३/- भुक्तानी भएले बढी भुक्तानी भएको रु.९९९०/- सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,९९० |

३५ **प्रधानमन्त्री रोजगार कार्यक्रम:**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा १७ योजना सञ्चालन गरी यस वर्ष १०५ जनालाई औसत ६७.६० दिन रोजगारी उपलब्ध गराई रु. ४८२८२६४/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३६ **सामाजिक सुरक्षा तर्फः**

३६.१ **सामाजिक सुरक्षाः** आर्थिक वर्ष २०८०/०८१ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र.सं. | पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम |
|---|---|---|---|---|
| १ | १५४१२ | ३०९४ | १९.८८ | १२१२९१०८६ |

३६.२ **भत्ता वितरण**: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वितरणमा यो वर्ष कूल रु.१२१२८४७५७ खर्च लेखेको छ ।

| समुह/ त्रैमासिक | पहिलो त्रैमासिक | | | दोस्रो त्रैमासिक | | | तेस्रो त्रैमासिक | | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कायम संङ्ख्या | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | वितरण गरेको संङ्ख्या |
| अन्य जेष्ठ नागरिक भत्ता | १८६६ | १८५८ | २२०२९९७३ | १८८७ | १८८७ | २२४४२३७४ | १८९० | १८८८ | २२४६६१६६ | १८९९ | १८९८ |
| जेष्ठ नागरिक भत्ता (दलित) | २१२ | २१२ | १६७३१४० | २१८ | २१८ | १७३१६६० | २२१ | २२१ | १७६३५८० | २२५ | २२५ |
| जेष्ठ नागरिक एकल महिला | २१३ | २१२ | १६८६४४० | २०३ | २०३ | १६११९६० | २०२ | २०२ | १६०६४६३ | १९७ | १९७ |
| विधवा | २६५ | २६४ | २०८५४४० | २७३ | २७३ | २१५१९४० | २७६ | २७६ | २१९१८४० | २८२ | २८१ |
| पूर्ण अपाङ्गता भत्ता | ८५ | ८५ | १००९२१३ | ८३ | ८३ | ९९३५१० | ८४ | ८४ | ९९७५०० | ८३ | ८३ |
| अति अशक्त अपाङ्गता भत्ता | १६२ | १६२ | १०२५३५३ | १६४ | १६४ | १०५१२३२ | १६७ | १६७ | १०६१८७२ | १६८ | १६७ |
| दलित बालबालिका | २५३ | २४० | ३७९२८१ | २५८ | २५८ | ३९०६५९ | २५० | २४९ | ३८७२८५ | २४४ | २४३ |
| जम्मा | ३०५६ | ३०३३ | २९८८८८४० | ३०८६ | ३०८६ | ३०३७३३३५ | ३०९० | ३०८७ | ३०४७४७०६ | ३०९८ | ३०९४ |

३६.३ **निस्क्रिय खाता तथा लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रुपा गाउँपालिका, कास्की , रुपा गाउँपालिका , कास्की

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्री चिरञ्जीवी बराल | २०८०-७-१३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | श्री सन्तोष ढुंगाना | २०७७-५-१ | २०८०-७-१२ |
| लेखा प्रमुख | लेखनाथ अधिकारी | २०७९-६-२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९,९९० | ३,८३५,४६९ | ४,४४८,९६३ | ० | ० | ४३९,४३० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ८,७३३,८५२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३,६९८,५२५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५,०३५,३२७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८९०६०३१८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९३०५६००० | **चालु खर्च** | २८६८१३६४३ |
| **प्रदेश सरकारबाट अनुदान** | ११४५५०२१ | **पूँजीगत खर्च** | ७४८८९६७२ |
| **राजश्व बाँडफाँट** | ६०८८७१९१ | **वित्तीय/अन्य व्यवस्था** | १२०४३४९३ |
| **आन्तरिक आय** | ५४०७८३७.० | | |
| **अन्य आय** | १६२५२४५३ | | |
| **कुल आय** | ३८७०५८५०२ | **कुल खर्च** | ३७३७४६८०८ |
| **बाँकी मौज्दात** | | १०२३७२०१२ | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ:

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण, स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति कानून बमोजिम गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनु पर्दछ। यस्तो अनुदानबाट व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा पुँजीगत निर्माण गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौतामा निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरेर सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदातामाथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ।